नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०८१/६/१४

विषयः सरुवा/पदस्थापन/काज तथा जिम्मेवारी सम्बन्धी सैद्धान्तिक आधार।

नेपाल सरकार, मा.मन्त्रीस्तरको मिति २०८१/६/१४ को निर्णयानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणी र सो भन्दा मुनिका कर्मचारीहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा १८ बमोजिम सरुवा तथा काज खटाउन र ऐ. को दफा १५ बमोजिम पदस्थापन तथा निजामती सेवा नियमावली, २०५० को नियम ३६ बमोजिम सरुवा/पदस्थापन एवम् काज खटाउने सम्बन्धी सैद्धान्तिक आधार देहाय बमोजिम स्वीकृत भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

देहायः

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्न्तगतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८० बमोजिम सरुवा/पदस्थापन/काज/कामकाज गर्न खटाउने,
२. तल्लो पदमा पदाधिकार रही माथिल्लो पदको कुनै विशेष जिम्मेवारीमा रहेका बाहेक एउटा निकायमा सामान्यतया दुई वर्ष भन्दा बढी अवधि पुगेका कर्मचारीलाई सरुवा/काज खटाउने,
३. अन्य निकायमा दरबन्दी रही यस मन्त्रालय वा अन्तर्गत कामकाज/काजमा खटिएका कर्मचारीहरूलाई सम्भव भएसम्म जिल्लास्तरका कार्यालयहरूमा वा अन्य मन्त्रालय तथा निकायमा कामकाज गर्न खटाउने,
४. यस मन्त्रालय वा अन्तर्गत बाहेक अन्य निकायमा सरुवा तथा कामकाज गर्न खटाउन तथा त्यस्ता निकायहरूबाट यस मन्त्रालय वा अन्तर्गतका निकायमा सरुवा/पदस्थापन/काज/कामकाज गर्न खटाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमतिका लागि लेखी पठाउने,
५. दुर्गम जिल्लामा कार्यरत रहेका एवम् अन्यत्र सरुवा भई जान निवेदन पेश नगरेका वा वा त्यस्ता जिल्लामा सरुवा भई जान अन्य कर्मचारीको निवेदन नपरेको हकमा अवधि पुगेको भएतापनि सो जिल्लाबाट सामान्यतया सरुवा नगर्ने,
६. अपाङ्गता भएका, गर्भवती, सुत्केरी महिला, दीर्घरोगी, अवकाश हुन एक वर्ष भन्दा कम अवधि भएका र परिवारका सदस्यहरू गम्भीर बिरामी अवस्थामा रहेका जस्ता विशेष परिस्थिति भएका कर्मचारीहरूको हकमा निजहरूको सहजतालाई ख्याल गरी निर्णय गर्न सकिने।

.......................................
विजयराज सुवेदी
उपसचिव

फोन नं.: